बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

खण्ड ४ | बर्ष ४ | अंक ९ | मिति : पुस ९ गते २०७७

**स्थानीय सकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन, नियम, कार्यविधी, नीति सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# भाग -२

# विपन्न परिवारका लागि मागमा आधारित कृषि प्रोत्साहन कार्यक्रम कार्यविधि– २०७७

**कार्यपालिकाबाट पारित मितिः २०७७।०८।३०**

**पृष्ठभूमिः**

बुद्धभूमि नगरपालिका भित्र रहेका विपन्न परिवारका कृषकहरुलाई व्यवसायिक कृषि पेशामा आवद्धगरि आय आर्जन गर्न तथा बुद्धभूमि नगरपालिकामा कृषि उत्पादनको बृद्धि गर्न कार्यक्रमलाइ व्यवस्थीत सरल, सहज,प्रभावकारी र पारदर्शि रुपमा स्थापना र संचालन गर्न स्थानिय सरकार सञ्चालन ऐनको दफा १०२ को उपदफा (२) बमोजिम तथा बुद्धभूमिको प्रशासकीय कार्याविधि नियमित गर्ने ऐन २०७५ बमोजिम कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पछि लागु हुने छ।

**१. प्रारम्भिक**

**क) संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधिको नाम **''विपन्न परिवारका लागि मागमा आधारित कृषि प्रोत्साहन अनुदान कार्यक्रम कार्यविधि, २०७''** रहेको छ।

२. यो कार्यविधि बुद्धभूमि नगर कार्यपालिका वाट स्विकृत भएपछि लागु हुनेछ।

**२ परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

२.१ **''कार्यालय''** भन्नाले बुद्धभूमि नगरपालिकाको कार्यालय सम्झनु पर्नेछ।

२.३ **''कृषि विकास शाखा''** भन्नाले बुद्धभूमि नगरपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्ने छ।

२.२ **''कार्यविधि''** भन्नाले, **विपन्न परिवारका लागि मागमा आधारित कृषि प्रोत्साहन अनुदान कार्यक्रम कार्यविधि, २०७७** रहेको छ।

**३. उद्देश्य :** यस कार्यविधीका उद्धेश्यहरु देहाय बमोजिम रहेका छन :

३.१ अनुदान वितरण नीतिलाई प्रकृयामुखि बाट परिणाममुखि लर्फ लैजाने।

३.२ साना गरिव कृषकहरुको आय आर्जन गर्न सहयोग पुर्याउने।

**४. कार्य संचालन र प्रक्रियाः**

४.१ नगरपालिकाको कार्यालयले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहने विपन्न परिवारका कृषकलागि प्रस्ताव निवेदन आव्हवान (अनुसुचि १ वमोजिम) हुनेछ।

४.२ यस कार्यक्रममा सम्मिलित हुन वुँदा नं. ४.३ वमोजिम मापदण्ड पुरा गरेका इच्छुक गरिव परिवारका सदस्यहरुले तोकिएको म्याद भित्र अनुसुचि २ वमोजिमको निवेदन नगरपालिकाको

कार्यालयमा दिनुपर्ने छ।

४.३ कृषक छनौटको मापदण्ड

क) ५ कठ्ठा भन्दा कम जग्गा जमिन भएको।

ख) कच्ची घर भएको।

ग) घरको कुनै सदस्य वैदेशिक रोजगारीमा नभएको।

घ) नेपालमा कुनै सरकारी वा गैर सरकारी कार्यालयमा कुनै सदस्यको रोजगारी नभएको।

ड.) आफनो उत्पादनले ६ महिना भन्दा कम अवधिको लागि मात्र खान पुग्ने।

च) आफनो वा लिजमा लिएको जग्गामा कम्तीमा ३ कठामा तरकारी खेति गर्नु पर्ने वा च्याउ खेति गर्ने भएमा कम्तीमा १०×७ फिटको टनेलमा २०० गोला च्याउ खेति गर्नु पर्ने।

छ) वडा कार्यालयबाट गरिव परिवार भएको प्रमाणित सिफारिस संलग्न गरेको।

ज) विगत ३ बर्षमा नगरपालिकाबाट कुनै अनुदानका ( कृषि) कार्यक्रम प्राप्त नगरेको।

झ) नेपालि नागरिकता भएको।

४.४ कार्यालयले बुँदा नं. ४.३ अनुसार कृषि विकास शाखा प्राप्त भएका मध्ये न्युनतम मापदण्ड पुरा गरेका कृषहरुलाई छनोट गरी नगरपालिकामा पठाउनु पर्ने छ।

४.५ वडा कार्यालयवाट सिफारिस भई आएका कृषकहरु आवेदन, प्रस्ताव उपर छानविन तथा मूल्यांकन गर्नको लागि तपशिल अनुसारको मूल्यांकन समिति रहने छ।

| | |
|---|---|
| नगरपालिका नगर प्रमुख | संयोजक |
| नगरपालिका नगर उप-प्रमुख | सहसंयोजक |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| आर्थिक विकास समिति संयोजक वा सदस्य | सदस्य |
| कार्यपालिका सदस्य मध्ये १ जना | सदस्य |
| लेखा प्रमुख/सहायक | सदस्य |
| कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

आवश्यकता अनुसार आमन्त्रीत सदस्य बोलाउन सकिने छ।

४.६ उपदफा ३ अनुसारको मूल्यांकन समितिले पर्न आएका निवेदनहरुको मूल्यांकन गरी अनुदान उपलब्ध गराउन नगरपालिका समक्ष सिफारिस पेश गर्ने छ।

४.७ अनुदानको लागि छनौट भएका कृषकहरुले अनुसूची ३ बमोजिम सम्झौता गर्नु पर्नेछ।

४.८ सम्झौता पछि छनौट भएका कृषकहरुलाई विनियोजित बजेटको परिधि भित्र काम सम्पन्न भए पश्चात भुक्तानी दिइने छ।

**५. विपन्न परिवार मागमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम को लागि प्रस्तावित आर्थिक आधार :** प्रति अनुदान ग्राहिलार्य बढिमा रु २५०००।- वा बील रकमको ८५ प्रतिशत अनुदान दिन सकिने छ।

**६. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्वन्धी व्यवस्था**

यस कार्यक्रमको अनुगमन बुद्धभूमि नगरपालिका को अनुगमन समिति गर्नेछ र सोको मूल्यांकन गरी प्रतिवेदन बुद्धभूमि नगरपालिकामा पेश गर्नु पर्ने छ।

**७. थपघट वा हेरफेर गर्न सक्ने**

७.१ यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर गर्न सक्नेछ।

७.२ यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगरपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्ने छ।

७.३ यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरुको निर्माण तथा परिमार्जन नगरपालिकाले गर्न सक्नेछ।

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची –१

## विपन्न परिवार मागमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम लागि प्रस्ताव आब्हान सम्वन्धि सूचना।

नगरपालिकाको आ.व.०७७/०७८ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार विपन्न परिवार लक्षित कृषि अनुदान कार्यक्रम मा सहभागि हुन चाहने विपन्न परिवारका कृषकहले सूचना प्रकाशनको मितिले १५ दिन भित्र आवश्यक कागजात सहित अनुसुचि २ बमोजिको प्रस्तावना पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

प्रस्तावना पेश गर्दा हुनु मापदण्ड  तथा कागजातहरु

क) ५ कठ भन्दा कम जग्गा जमिन भएको।

ख) कच्ची घर भएको।

ग) घरको कुनै सदस्य वैदेशिक रोजगारीमा नभएको।

घ) नेपालमा कुनै सरकारी वा गैर सरकारी कार्यालयमा कुनै सदस्यको रोजगारी नभएको।

ङ.) आफनो उत्पादनले ६ महिना भन्दा कम अवधिको लागि मात्र खान पुग्ने।

च) आफनो वा लिजमा लिएको जग्गामा कम्तीमा ३ कठामा तरकारी खेति गर्नु पर्ने वा च्याउ खेति गर्ने भएमा कम्तीमा १०×७ फिटको टनेलमा २०० गोला च्याउ खेति गर्नु पर्ने।

छ) वडा कार्यालयको सिफारिस

ज) नागरिकताको प्रतिलिपि

झ) माथि उल्लेखित क देखि ङ सम्मको अवस्था रहेको भनि स्वघोष्ण गरेको निवेदन।

बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक, बुड्ढी कपिलवस्तु
लुम्विनी नेपाल

## अनुसूची– २

## विपन्न परिवार मागमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमको लागि नगरपालिका कार्यालयमा दिने आवेदन पत्रको ढाँचा

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
बुद्धभूमि नगरपालिका, कपिलवस्तु ।

विषय : विपन्न परिवार लक्षित कृषि अनुदान कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा मिति....................मा प्रकाशित सूचना अनुसार विपन्न परिवार लक्षित कृषि अनुदान कार्यक्रममा समावेश हुने चाहना भएकाले सो प्रयोजनका लागि तपसिल अनुसारको विवरण भरी निवेदन पेश गरेका छौं ।

**<u>तपशिल</u>**

१) कृषकको नाम—
२) ठेगाना
३) मोवाइल नम्वर—
४) कार्यक्रम पाए पश्चात लगाउन चाहेको बाली—
४) जग्गाको क्षेत्रफल—
५) मासिक आम्दानी—
६) परिवारको कुनै सदस्य बैदेशिक रोजगारीमा भए नभएको—
७) परिवारको कुनै सदस्य नेपालमा सरकारी वा गैर सरकारी÷निजि कार्यलयमा रोजगारी भए नभएको—
८) कृषकको घरको अवस्था—पक्की वा कच्ची
९) ओवदकले अनुदान माग गर्नुको कारण—
१०) माग गरेको कार्यक्रम सम्वन्धी अनुभव—

## अनुसूची– ३

## बुद्धभूमि नगरपालिका र विपन्न परिवार मागमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम का लागि छनौटमा परेका कृषक विच हुने सम्झौता फारमको ढाँचा

बुद्धभूमि नगरपालिकाको कार्यालय.......................................(यसपछि प्रथम पक्ष भनिने) र कृषक श्री....................................बुद्धभूमि नगरपालिका वडा नं.................(यस पछि दास्रो पक्ष भनिने) विपन्न परिवार लक्षित कृषि अनुदान कार्यक्रम मा तपशिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्धिपक्षीय सम्झौता गरिएको छ ।

तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता गरी दियौँलियौँ।

1. दोस्रो पक्षले सम्झौता भएको लगत्तै काम शुरु गर्नु पर्नेछ।
2. प्रथम पक्षले सुरुमा कार्यक्रम सञ्चालानार्थ स्वीकृत कार्ययोजना अनुसार कार्य सम्पन्न गरी कार्यविधिमा तोकिए बमोजिमका निवेदन, सक्कल बिल भरपाई लगायतका कागजात पेश गरे पश्चात अनुगमन गरी प्रतिवेदनका आधारमा दोस्रो पक्षलाई एसीपेयी चेक मार्फत रकम भुक्तानी दिइनेछ।
3. यस आर्थिक वर्ष ........मा अनुदानग्राहीलाई स्वीकृत कार्ययोजना अनुसार ............. क्षेत्रफलमा .............बाली लगाउन आबश्यक उत्पादन सामग्री खरीदको लागि कूल लागत रु................. (अक्षरुपी..........................) मध्ये दोस्रो पक्षले रु................. (अक्षरुपी..........................) व्यहोर्नु पर्ने र प्रथम पक्षले रु................. (अक्षरुपी..........................) उपलब्ध गराउनेछ।
4. प्रथम पक्षले कार्य प्रगतिको आधारमा भुक्तानी गरिनेछ। तोकिए अनुसारको परिमाण वा क्षेत्रफलमा काम नभएमा पुरै रकम भुक्तानी गर्न बाध्य हुने छैन।
5. स्वीकृत कार्ययोजना बमोजिमका सम्पूर्ण कार्यहरुको जिम्मेवारी दोस्रो पक्षको हुनेछ।
6. दोस्रो पक्षले नियमित रुपमा प्रगति विवरण लगायत अन्य तथ्याङ्कहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।
7. प्रथम पक्षको तर्फबाट कार्यक्रमको अनुगमन कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ।
8. कार्यक्रम सञ्चालनको क्रममा आउन सक्ने द्धिविधाका विषयमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ।
9. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**दोस्रो पक्षको तर्फबाट**
हस्ताक्षर:
नामः
ठेगाना
छापः
साक्षी:
हस्ताक्षरः
नामः
पद:

**प्रथम पक्षको तर्फबाट**
हस्ताक्षर:
नामः
पदः
कार्यालयको छापः
साक्षी:
हस्ताक्षरः
नामः
पदः